प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुर

# प्रि-डिप्लोमा (साबिक प्राविधिक एस.एल.सी.) तहका वार्षिक/अन्तिम परीक्षाको नियमित/आंशिक, विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम र औद्योगिक प्रशिक्षार्थीका विभिन्न कार्यक्रमहरूको आवेदन फाराम भर्ने बारेको अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०७८।११।१६)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट प्रि-डिप्लोमा (साविक प्राविधिक एस.एल.सी) तहको सम्बन्धन स्वीकृत प्राप्त गरी आङ्गिक, साझेदारी, सामुदायिक विद्यालयहरुमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम र निजी स्तरमा सम्बन्धन/स्वीकृति प्राप्त सम्पूर्ण शिक्षण संस्थाहरूले **नियमित तथा आंशिक** प्रशिक्षार्थीहरूका लागि निकट भविष्यमा सञ्चालन हुने परीक्षामा सम्मिलित हुन सम्बन्धित प्रशिक्षार्थीहरूबाट परीक्षा आवेदन फाराम भराई तपसिलको शर्त नं. १ अनुसार तोकिएको मिति भित्र र तपसिलको शर्त नं. १४ मा उल्लेख गरिए बमोजिमको परीक्षा शुल्क बुझाएको बैंक भौचरको प्रति आवेदन फारामका साथ अनिवार्य रूपमा बुझाउन हुन सम्बन्धित सबै शिक्षण संस्था एवं प्रशिक्षार्थीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तपसिलका सर्तहरू पुरा नभएका र तोकिएको समयभित्र फाराम नबुझाउने प्रशिक्षार्थीहरूलाई परीक्षामा सम्मिलित गराउन नसकिने व्यहोरा समेत सूचित गरिन्छ ।

साथै प्रि-डिप्लोमा (साविकको प्राविधिक एस.एल.सी) तहमा प्राविधिक शिक्षामा **विशेष छात्रबृत्ति कार्यक्रम** अन्तर्गत शैक्षिक शत्र २०७७/०७८ मा रजिष्ट्रेशन कायम भएका र प्रि-डिप्लोमा तहको **२४ महिने औद्योगिक प्रशिक्षार्थी** कार्यक्रम अन्तर्गत शैक्षिक शत्र २०७६/०७७ मा रजिष्ट्रेशन कायम भएका प्रशिक्षार्थीहरुले समेत यसै सूचना बमोजिम परीक्षा आवेदन फाराम भर्नु हुन अनुरोध छ ।

## परीक्षा सञ्चालन हुने कार्यक्रम तथा समूहहरू:

(क) शैक्षिक सत्र २०७७/०७८ मा रजिष्ट्रेशन भई प्रि-डिप्लोमा (साबिकको प्राविधिक एस.एल.सी.) तहका कार्यक्रम अन्तर्गत प्रशिक्षण पुरा गरेका (१२+६) र (१५+३) महिना अवधिका सम्पूर्ण नियमित समूहहरू तथा शैक्षिक सत्र २०७६/०७७ मा रजिष्ट्रेसन भएका २४ (चौबीस) महिने औद्योगिक प्रशिक्षार्थी तालीमहरू

- **12+6 months program,** Livestock Production/Animal Health, Veterinary Science, Agriculture (Plant Science), Civil Engineering, Computer Engineering, Electrical Engineering, Mechanical Engineering, Electronics Engineering, Refrigeration & AC Engineering, Water Supply & Sanitary Engineering, Medical Lab Technology, Culinary Arts, Hotel Management, Computer Application & Secretarial Management, Social Mobilization and Entrepreneurship Development.
- **15+3 months program**, Auxiliary Nurse Midwifery, Community Medical Assistant (CMA), Ayurveda, Automobile Engineering(Regular & Special Scholarship)and Survey Engineering.
- **24 months Apprenticeship program**, Electrical, Mechanical, Automobile Engineering IT & Hotel Management

## शर्तहरु:

१. प्रशिक्षार्थीहरुका लागि सम्वन्धित शिक्षण संस्थामा परीक्षा आवेदन फाराम बुभाउने अन्तिम मिति नियमित शुल्कको हकमा मिति २०७८।११।१६ गते देखि मिति २०७८।१२।०६ गते भित्र र बिलम्ब शुल्क(दोव्वर शुल्क)को हकमा मिति २०७८।१२।०७ गते देखि मिति २०७८।१२।१३ भित्र बुझाउनु पर्नेछ ।

२. शिक्षण संस्थाले शैक्षिक सत्र २०७६/०७७ देखि ITMS Online बाट रजिष्ट्रेशन भएका परीक्षार्थीहरुको नियमित/आंशिक परीक्षा आवेदन फाराम ITMS Online बाट नियमितका लागि **सेतो** कागजमा र आंशिकका लागि **पहेंलो** कागजमा प्रिन्ट गरी परीक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ ।

३. नियमित तर्फका जेहेन्दार तथा वर्गिकृत छात्रवृति प्राप्त परीक्षार्थीहरुलाई परीक्षा शुल्क लाग्ने छैन ।

४. आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७४/०७५ (ई. सं. २०१७) देखि भर्ना भई रजिष्ट्रेशन भएका विद्यार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउँनेछन् ।

५. नियमित तर्फका प्रशिक्षार्थीहरूको नियमित बिषयहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक Web based online system मा entry गरी प्रमाणित एक प्रति (Printed Copy) मा सही छाप गरी अनिवार्य रुपमा फाईलिङ्ग गरी पेश गर्नुपर्नेछ । Entry गरी सकेका आन्तरिक मूल्यांकनको प्राप्तांक पछि परिवर्तन हुने छैन ।

६. शैक्षिक शत्र २०७६/०७७ (ई. सं. २०१९) का आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा फाराममा तथा Web based online system मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनु पर्नेछ ।

७. नियमित तर्फका परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web based online system मा entry गरी समष्टिगत अनुसार फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

८. शैक्षिक शत्र २०७६/७७ (ई.सं. २०१९) आंशिक तर्फ देखि भर्ना भई रजिष्ट्रेशन भएका सम्पूर्ण कार्यक्रमहरुको २०७६ देखि Online आवेदन फारामहरु Web based online system मा Entry गरी समष्टिगत अनुसार फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

९. आंशिक तर्फ २०७४/७५ (ई.सं. २०१७) र २०७५/७६ (ई.सं. २०१८)सम्म भर्ना भई रजिष्ट्रेशन भएका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम www.ctevtexam.org.np मा उपलब्ध हुनेछ । ३ पेजको परीक्षा आवेदन फाराम तथा प्रवेशपत्र पंहेलो रङ्गको A4 पेपरमा प्रिन्ट गरी बुझाउनु पर्नेछ ।

१०. आंशिक तर्फ शैक्षिक शत्र २०७४/७५ (ई.सं. २०१७) र २०७५/७६ (ई.सं. २०१८) सम्म भर्ना भई रजिष्ट्रेशन भएका परीक्षार्थीहरुको परीक्षा Symbol No. राख्दा Program Code + Institute Code + 101 बाट राख्नुपर्नेछ तथा आवेदन फाराममा Symbol No. राख्दा Numbering Machine मा रातो रङ्गको मसीको प्रयोग अनिवार्य रुपमा गरेको हुनुपर्नेछ ।

११. आंशिक तर्फ शैक्षिक शत्र २०७४/७५ (ई.सं. २०१७) र २०७५/७६ (ई.सं. २०१८)सम्म भर्ना भई रजिष्ट्रेशन कायम भएका परीक्षा आवेदन फारामसाथ www.ctevtexam.org.np मा उपलब्ध समष्टीगत फारामको Soft Copy मा समष्टीगत तयार गरी समष्टीगत फारामको प्रमाणित प्रति र आन्तरिक मूल्यांकनको प्रमाणित Printed Copy दुई प्रति र एक प्रति Soft Copy समेत Excel Sheet मा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

१२. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुमात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन् । आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

१३. परीक्षा आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन । उक्त आवेदन फाराम फाराम सम्वन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ ।

१४. परीक्षा शुल्क बापतको रकम दाखिला गर्ने परिषद्का प्रदेश कार्यालयहरुको बैंक खाता बिबरण यस प्रकार रहेको छ । निजी रूपमा कार्यक्रम सञ्चालन गरेका शिक्षण संस्थाका लागि नियमित प्रशिक्षार्थीको प्रति प्रशिक्षार्थी रु.२,०००।- (अक्षेरुपी दुई हजार मात्र) (परीक्षा शुल्क रु.१,७००।- र कार्यगत मूल्याङ्कन (OJT) रु. ३००) र आंशिक प्रशिक्षार्थीको हकमा प्रति फाराम (एक विषय समेतका लागि) शुल्क बापत रु.२००।- (दुई सय) र थप विषय रु.१५०।- (एक सय पचास) का दरले तथा परिषद्का आंगिक, साझेदारी तथा TECS कार्यक्रम सञ्चालन गर्ने विद्यालयहरूको नियमित प्रशिक्षार्थीको हकमा प्रति प्रशिक्षार्थी रु.१,०००।- (अक्षेरुपी एक हजार मात्र) र आंशिक प्रशिक्षार्थीको हकमा प्रति फाराम (एक विषय समेतका लागि) शुल्क बापत रु.२००।- (दुई सय) र प्रति थप विषय रु.१५०।- (एक सय पचास) का दरले लाग्ने थप रकम समेत गरी

(क) प्रा.शि.व्या.ता.परिषद्, १ नं. प्रदेश कार्यालय, ईटहरी, सुनसरीः रा.बा.बैङ्क, इटहरी शाखा, च.हि.नं.२५५०१००००१२७८००१,
(ख) प्रा.शि.व्या.ता.परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा.बा.बैङ्क, जनकपुर शाखा, च.हि.नं.१५२०१००००२६३९००१,
(ग) प्रा.शि.व्या.ता.परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाः रा.बा. बैङ्क, हेटौंडा शाखा, च.हि.नं.१३००१००००३६६९००१,
(घ) प्रा.शि.व्या.ता.परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा.बा.बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं.३५००१०००००२३४००१,
(ङ) प्रा.शि.व्या.ता.परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देहीः रा.बा.बैङ्क, बुटवल शाखा, च.हि.नं.३३६०१०००००३६१००१,
(च) प्रा.शि.व्या.ता.परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेतः रा.बा.बैङ्क, सुर्खेत शाखा, च.हि.नं.४०८०१०००१५५२८००१,
(छ) प्रा.शि.व्या.ता.परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीः रा.बा.बैङ्क, धनगढी शाखा, च.हि.नं.४१७०१००००६५०८००१ मा सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्व शुल्क बुझाउने अन्तिम मितिको भोलिपल्ट अनिवार्य रुपमा सम्बन्धित प्रदेश कार्यालयको बैक खातामा रकम जम्मा गरी बैक भौचरको पछाडी पट्टी शिक्षण संस्थाको नाम, ठेगाना र प्रयोजन स्पष्ट रूपमा अनिवार्य उल्लेख गरी बुझाउनु पर्नेछ र **मिति २०७८ चैत्र १४ गते भित्र नियमित तथा विलम्व** परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित परिषद्, प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

१५. ITMS Online बाट परीक्षार्थीहरुको प्रवेश पत्र नियमित तर्फको **सेतो** कागजमा र आंशिक तर्फको **पहेंलो** कागजमा प्रिन्ट गरी प्रदेश कार्यालयबाट प्रमाणित गराई परीक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ र प्रवेश पत्र नभएको परीक्षार्थीलाई परीक्षामा समावेश गराइने छैन ।

**नोटः**

१. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०७८।१२।०६ गते भित्र नियमित शुल्कको तथा मिति २०७८।१२।१३ गते भित्रमा बिलम्ब शुल्कको Web Based Online System मा शिक्षण संस्थाहरुले Entry गरिसक्नुपर्नेछ ।

२. सम्पूर्ण शिक्षण संस्थाहरुले पाठ्क्रमले निर्धारण गरेको पाठ्यभार अनुसार प्रशिक्षण कार्य सम्पन्न नभएको भए बैकल्पिक बिधि वा भौतिक रुपमा उपस्थित गराई नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्दै प्रशिक्षण कार्य सम्पन्न गर्नु पर्नेछ ।

३. परिषद्, प्रदेश कार्यालयहरुलाई प्रशिक्षणको अवस्थाको अनुगमन गरी पाठ्यक्रम अनुसारको प्रशिक्षण कार्य सम्पन्न भए नभएको एकिन गरी बार्षिक परीक्षा प्रणाली अन्तर्गतका कार्यक्रमहरुको परीक्षा संचालन गर्नको लागि समयावधि तोकी सिफारिस गर्ने ।

४. परिषद्, प्रदेश कार्यालयको सिफारिसको आधारमा परीक्षाको कार्यतालिका प्रकाशन गरी परीक्षा संचालन गरिनेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि उपलब्ध हुनेछ ।**

**परीक्षा नियन्त्रक**